World Vision



# वार्षिक प्रतिवेदन सन् २०१६ नेपाल



हाम्रो **दर्शन** प्रत्येक
बालबालिकाको **जीवनको** सम्पूर्णता;
हाम्रो **प्रार्थना** प्रत्येक
**हृदयमा** त्यस्तै गर्ने चाहना



# हाम्रो परिचय

वर्ल्ड भिजन बालबालिका, तिनका परिवार र समुदायहरुलाई गरीबी र अन्यायबाट मुक्त हुन सघाउन प्रतिबद्ध एक इसाई राहत, विकास र पैरवी गर्ने संस्था हो । इसाई मान्यताहरुबाट प्रेरित भएर हामी संसारका सबैभन्दा बढी जोखिममा रहेका मानिसहरु सँग मिलेर काम गर्न प्रतिबद्ध छौं । वर्ल्ड भिजनले धर्म, जातजाति, सम्प्रदाय वा लिङ्गको भेदभाव नगरी सबैको सेवा गर्दछ । कोरियाली युद्धबाट पीडित टुहुराहरूको आवश्यकतालाई सम्बोधन गर्न वर्ल्ड भिजन कोरियामा सन् १९५० मा स्थापना भएको हो । त्यहाँबाट यसका कार्यक्रमहरु अरु एशियाली देशहरुमा र त्यसपछि क्रमिक रुपमा संसारका झण्डै सय देशहरुमा फैलिएका छन् ।

वर्ल्ड भिजनले नेपालमा सन् २००१ मा दीर्घकालीन विकास कार्यको शुरुवात गरेको हो । वर्ल्ड भिजन इन्टरनेसनल नेपालले विगतका वर्षमा १४ जिल्लाहरुमा समुदायहरू सँग साझेदारी गरी बालबालिकाको सम्वृद्धिको निम्ति काम गरेको छ । हाल डोटी, जुम्ला, काठमाडौं, कैलाली, लम्जुङ, ललितपुर, मोरङ, रुपन्देही, सुनसरी, उदयपुर, सिन्धूली र अछाम गरी देशका १२ वटा जिल्लाहरूमा वर्ल्ड भिजन इन्टरनेसनल नेपाल क्रियाशील छ ।

सन् २०१५ अप्रिल र मे महिनामा नेपालमा गएको महा-विनाशकारी भूकम्प पश्चात् सबैभन्दा बढी प्रभावित जिल्लाहरू सिन्धुपाल्चोक, सिन्धुली, लमजुङ, ललितपुर, भक्तपुर, काठमाडौं, गोरखा, धादिङ, दोलखा र नुवाकोटमा सरोकारवाला, सरकार र समुदायसँगै साझेदारी गरेर वर्ल्ड भिजनले राहत तथा पुनर्लाभका कार्यक्रम संचालन गरेको छ । वर्ल्ड भिजन हाल जीविकोपार्जन, खानेपानी, सरसफाइ र स्वच्छता तथा आवास र पूर्वाधारमा केन्द्रित भएर समुदायलाई उनीहरूको पुनर्लाभको स्वामित्व उनीहरूले नै लिने अवसर प्रदान गर्न र समुदायको उत्थानशीलता अभिवृद्धि गर्न क्रियाशील छ ।

# राष्ट्रिय निर्देशकको सन्देश



*"संसारमा जबसम्म गरिबी, अन्याय र असमानता रहन्छ, तबसम्म वास्तवमा हामी कोही पनि आरामसँग बाँच्न सक्दैनौँ।" –नेल्सन मन्डेला*

वर्ल्ड भिजन इन्टरनेसनल नेपालको वार्षिक प्रतिवेदन-सन् २०१६ यहाँहरूसमक्ष राख्न पाउँदा म अत्यन्त खुसी छु।

यस वर्षको वार्षिक प्रतिवेदनले वर्ल्ड भिजन इन्टरनेसनल नेपालका रणनीतिक लक्ष्यहरूतर्फ भएको प्रगति विवरण प्रस्तुत गरेको छ।

आर्थिक वर्ष सन् २०१६ मा वर्ल्ड भिजन नेपालले दीर्घकालीन विकास कार्यक्रम र भूकम्प प्रतिकार्यमार्फत् ९,००,००० भन्दा बढी महिला, पुरुष तथा बालबालिकालाई सहयोग गरेको छ।


हामीले सन् २०१६-२०२० को रणनीतिको कार्यान्वयनतर्फ पनि प्रगति गरिरहेको प्रतिवेदनले देखाएको छ। हाम्रा रणनीतिक लक्ष्यहरू नेपाल सरकारका विकास प्राथमिकता अनुसार छन् र तिनलाई सहयोग गर्छन्। यसका अतिरिक्त, वर्ल्ड भिजन इन्टरनेसनल नेपालले दिगो विकासका विभिन्न लक्ष्यहरू खासगरी गरिबीको अन्त्य, भोकमरीको अन्त्य, सुस्वास्थ्य तथा समुद्ध जीवन, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पिउनेपानी तथा सरसफाइ, मर्यादित काम र आर्थिक वृद्धि, असमानता न्यूनीकरण, दिगो शहर र समुदाय, र शान्ति, न्याय र सक्षम निकायहरू लाई सहयोग गरेको छ।

हरेक तहमा सरोकारवालाहरूलाई साझेदार र सहभागी नबनाएसम्म हामीले बालबालिकाको उचित विकास हुने गरी दिगो भविष्य निर्माण गर्न सक्दैनौँ। विगतका वर्षमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले अति जोखिममा रहेका बालबालिका तथा समुदायको समृद्धिका लागि साझेदारी र सम्बन्ध विस्तार तथा सुदृढीकरणमा जोड दिएको थियो। हामीले समुदाय, बालबालिका, साझेदार गैरसरकारी संस्था, सरकारका स्थानीयदेखि केन्द्रीय निकाय, दाता र हामीजस्तै अन्य संघसंस्थाहरूसँग थप रणनीतिक रूपले काम गर्यौं।

यस सन्दर्भमा म हाम्रा सबै कर्मचारी साथीहरूलाई खासगरी दूर्गम र अति विकट क्षेत्रमा गई काम गरिरहनुभएका साथीहरूलाई उहाँहरूको प्रतिवद्धता र मेहेनतका लागि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। त्यस्तै, हाम्रा विभिन्न साझेदारहरू समुदाय, राष्ट्रिय गैरसरकारी संस्था, सरकारका स्थानीयदेखि केन्द्रिय निकाय र हाम्रा दाताहरूलाई पनि धन्यवाद व्यक्त गर्न चाहन्छु। नेपालमा अहिले महत्वपूर्ण परिवर्तनहरू भइरहेको सन्दर्भमा हरेक बालबालिकाले "पूर्ण र समृद्ध जीवन" बाँच्न पाउने गरी भविष्य निर्माणका लागि हामीले अझ धेरै सँगसँगै काम गर्नुपर्ने छ।



एलिजाबेथ हाना साटो



# Contents


कार्यकारी समीक्षा २
उपलब्धिहरू ३
गुणस्तरीय शिक्षामा समान पहुँचको वृद्धि ४
बाल स्वास्थ्यमा सुधार ६
विपद् तथा आर्थिक संकटप्रति समुदायको उत्थानशीलता ८
अति जोखिममा रहेका समूहको संरक्षण १०
नेपालको भुकम्प प्रतिकार्य १२
बाल स्पोनसरसीप् १४
राष्ट्रिय स्तरको पैरवी र संलग्नता १६
जवाफदेहीता १८
अनुदान २०
वित्तीय विवरण २२


# कार्यकारी सारंश

वर्ल्ड भिजन इन्टरनेसनल नेपालको वार्षिक प्रतिवेदन सन् २०१६, यसका रणनीतिक उद्देश्यहरुको प्राप्तिमा देखिएको प्रगतिको संक्षिप्त विवरण हो र यसले तोकिएको समयावधिमा प्रत्येक लक्ष्य अन्तर्गत अपनाइएका कार्यगत विधिहरु र तिनका उपलब्धिहरुमाथि प्रकाश पार्दछ।

नेपालको भूकम्पमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले गरेको प्रतिकार्यका महत्वपूर्ण भागहरुलाई समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ। अक्टोवर २०१६ मा नेपालको भुकम्प प्रतिकार्य विश्वव्यापी प्रतिकार्यबाट राष्ट्रिय प्रतिकार्यमा परिवर्तन भयो। यसका साथै एउटा नयाँ उच्च स्तरीय संगठनात्मक संरचना, प्रणाली र नीतिहरुमा पंक्तिबद्ध, दैनिक कार्यलाई अझ बढी प्रभावकारी बनाउन कार्यालय र संस्कृति साझा गरेर वर्ल्ड भिजन इन्टरनेसनल नेपालले क्षमता अभिबृद्धि गरि नेपाली समुदायहरुलाई सेवा प्रदान गरेको छ। आर्थिक वर्ष सन् २०१६ मा, वर्ल्ड भिजनले जिविकोपार्जन, शिक्षा, बाल संरक्षण, खानेपानी, सरसफाइ तथा स्वच्छता, आवास र पुर्ननिर्माण कार्यक्रमको माध्यमबाट भुकम्पमा प्रभावितहरुलाई महत्वपुर्ण सहयोग पुऱ्याएको छ।

सन् २०१६ को अन्त्य सम्ममा, वर्ल्ड भिजनले राहत चरण (अप्रिल देखि सेप्टेम्बर २०१५) र पुनर्लाभ चरण (अक्टोबर २०१५ देखि डिसेम्बर २०१६) मा भुकम्पबाट बढी प्रभावित भएका दश जिल्लाहरुमा ५२६,८७३ व्यक्तिहरुलाई सहयोग गरेको छ।

आर्थिक वर्ष सन् २०१६ मा, अति जोखिममा रहेका बालबालिका र परिवारहरुलाई सहयोग प्रदान गर्नका लागि वर्ल्ड भिजन इन्टरनेसनल नेपालले समुदाय, सरकार, ३१ गैर सरकारी संस्थाहरु र ३६ सञ्चार माध्यमहरुसँग १२ जिल्लाका ११३ गाउ विकास समिति र २१ नगरपालिकामा विकास परियोजनाहरु लागू गर्न सहकार्य गरेको छ। परिणाम स्वरुप, स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, बाल संरक्षण र विपद जोखिम न्यूनिकरण परियोजनाहरुको माध्यमबाट वर्ल्ड भिजन इन्टरनेसनल नेपालले ३९४,४५५ बालबालिका र बयस्कहरुलाई सहयोग गर्न सक्षम भएको छ।




# आ. व. सन २०१६ का उपलब्धिहरू

*नोट : लाभग्राहीहरू दुई वा दुईभन्दा बढी कार्यक्रमहरूबाट लाभान्वित हुनसक्ने भएकोले लाभान्वित हुनेहरूको कूल संख्या विभिन्न क्षेत्रगत कार्यक्रमहरूबाट छुट्टाछुट्टै लाभान्वित हुनेहरूको संख्याको योगफलभन्दा थोरै देखिएको छ।*

# गुणस्तरीय शिक्षामा समान पहुँचको वृद्धि

आर्थिक वर्ष सन् २०१६ मा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आधारभूत शिक्षा र प्रारम्भिक बाल विकास केन्द्र मार्फत् गुणस्तरीय शिक्षामा सबैको समान पहुँच अभिवृद्धिका लागि कार्य गरेको छ। शिक्षा परियोजना अन्तर्गत बालबालिकाका निम्ति विद्यालयमा सिकाइ वातावरणको गुणस्तर सुधार गर्ने, सिकाइ उपलब्धिमा सुधार ल्याउने, विद्यालय सुरक्षा र विद्यालय प्रणाली सुदृढीकरण गर्ने, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्ने र बालमैत्री शिक्षण सिकाइ विधिको प्रवर्द्धन गर्ने लक्ष्यसहित वर्ल्ड भिजन इन्टरनेसनल नेपाल क्रियाशील छ।

परिणामस्वरूप, वर्ल्ड भिजन इन्टरनेसनल नेपालले समेटेका ११ जिल्लाका ५१६ विद्यालयमध्ये १९३ विद्यालयमा बालमैत्री विद्यालयका एक वा एकभन्दा बढी मापदण्डमा सुधार भएको छ र प्राथमिक तहको भर्नादरमा ३.८% ले वृद्धि भएको छ। आर्थिक वर्ष सन् २०१६ मा बुझेर पढ्नसक्ने ११-१३ वर्ष उमेर समूहका बालबालिकामा ८.६% ले वृद्धि भएको छ। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले सहयोग गरेका बालविकास केन्द्रहरूमध्ये यसवर्ष ४८% ले एउटा वा सोभन्दा बढी मापदण्डहरू पूरा गरेका छन्। सिकाइ वातावरणमा सुधार आएकोले अभिभावकले पनि आफ्ना बालबालिकालाई बाल विकास केन्द्रमा पठाउन थालेका छन्, जसले गर्दा भर्नामा ६% ले वृद्धि भएको छ।



शिक्षा परियोजनाबाट कूल ४३,७७३ छात्रा, ४०,३०३ छात्र र ३५,२१५ अभिभावक लाभान्वित

५१६ वटा विद्यालयमा गुणस्तरीय शिक्षाको प्रवर्द्धन

८ जिल्लामा १६५ पढाइ शिविर सञ्चालन

२०९ विद्यालय व्यवस्थापन समितिको क्षमता विकास

३३१ प्रारम्भिक बाल विकास केन्द्रलाई सहयोग



## विद्यालय सुविधाहरूको सुधारले बालबालिकाको सशक्तीकरण

"हाम्रा ९५% भन्दा बढी विद्यार्थीहरू मुसहर र बाँतरलगायतका 'दलित' र पिछडिएका समुदायका छन्," मोरङ जिल्लाको बेगनलाल निम्न माध्यमिक विद्यालय (माथि) का प्रधानाध्यापक कृष्ण घिमिरेले भन्नुभयो । 'दलितहरू' गरिबीका सूचकहरू आय, उपभोग र मानव विकास सबै हिसाबले नेपालका सबैभन्दा गरिब वर्गमा पर्छन् । "दलितहरूको आर्थिक र सामाजिक रूपान्तरणको एउटै उपाय भनेको शिक्षा हो र हाम्रो विद्यालय यसैका लागि प्रयत्नशील छ," घिमिरेले भन्नुभयो । "भवन निर्माण, शौचालय निर्माण, शैक्षिक सामग्री तथा कम्प्युटर वितरण, बालमैत्री सिकाइ तालिम र अरू धेरै कुरामा हामीलाई विगत एक दशकभन्दा बढी समय सहयोग गर्दै आएको वर्ल्ड भिजन इन्टरनेसनल नेपालप्रति हामी धन्यवाद दिन चाहन्छौं ।"

आर्थिक वर्ष सन् २०१६ मा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले स्वास्थ्य परियोजना अन्तर्गत सुरक्षित मातृत्वका लागि सहयोग गर्ने, बाल पोषणमा सुधार गर्ने, मातृशिशु स्वास्थ्यका लागि स्वास्थ्य संस्थाहरूको क्षमता तथा प्रशासनिक स्वरूपमा सुधार गर्ने र सरकारको खुला दिसामुक्त अभियानलाई सहयोग गर्दै समुदायको अगुवाइमा पूर्ण सरसफाइ प्रवर्द्धन गर्ने लक्ष्यसहित कार्य गरेको छ।

# बाल स्वास्थ्यमा सुधार

आर्थिक वर्ष सन् २०१६ को अवधिमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले स्वास्थ्य तथा पोषण परियोजना लागू गरेका क्षेत्रमा कम तौलका बालबालिकाको संख्या ३.२% ले घटेको वर्ल्ड भिजन इन्टर नेसनल नेपालको तथ्यांकले देखाएको छ। अति जोखिममा रहेका समूहका निम्ति स्वास्थ्य सेवाहरूको पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरूको क्षमता विकासका लागि वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आर्थिक सहयोग गरेको छ। वर्ल्ड भिजन इन्टरनेसनल नेपालको आर्थिक सहयोगले स्थानीय स्तरमा सञ्चालित १७० वटा स्वास्थ्य संस्थाहरूको गुणस्तरमा सुधार भएको छ। सरकारको खुला दिसामुक्त अभियानका लागि गरेको आर्थिक र प्राविधिक सहयोगका कारण आफ्नै घरायसी शौचालय हुनेहरूको संख्यामा ११% ले वृद्धि भएको छ भने राम्रोसँग हात धुन जान्नेहरूको संख्यामा १२% ले वृद्धि भएको छ। परियोजना लागू भएका ठाउँमा सुरक्षित किसिमले बच्चा जन्माउने गर्भवती महिलाहरू ७% ले र जन्मेपछि बच्चाको हेरचाह राम्रोसँग गर्नसक्ने सुत्केरी आमाहरू ३.३% ले बढेका छन्।





मातृशिशु स्वास्थ्य तथा पोषण र खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनबाट कूल **१,४०,०६१** व्यक्ति लाभान्वित

सुरक्षित मातृत्व सचेतना कार्यक्रमबाट ७,९८० महिला लाभान्वित

वृद्धि अनुगमनबाट ७,५६४ बालबालिका लाभान्वित

सामग्री/भवन निर्माण/मर्मत गरी १७० स्वास्थ्य संस्थालाई सहयोग

८१ वटा गाउँघर क्लिनिकलाई आवश्यक औषधी तथा सामग्रीहरू उपलब्ध

५५९ घरधुरीलाई शौचालय निर्माणमा सहयोग

## स्वास्थ्य सुधारका लागि एकल आमाको प्रयास

हेम कुमारी (दायाँ) ले अहिले आफ्नो चारवर्षे छोराको राम्रो हेरचाह गरिरहेकी छिन् र आफू पनि स्वस्थ छिन् ।

गर्भवती भएको नौ महिनामा उनका श्रीमान्को मृत्यु भयो । सुत्केरी अवस्थामा स्याहार सुसार गर्ने कोही नभएकाले बच्चा जन्मेपछि उनको शरीर कमजोर हुँदै गयो । बच्चालाई पुग्नेगरी दूध पनि आएन र बच्चालाई कुपोषण भयो । सिन्धुली जिल्लामा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले सन् २०१५ मा सुरक्षित मातृत्वको अभ्यास सम्बन्धी सञ्चालन गरेको तालिममा उनले पनि नाम दर्ता गरिन् र सकारात्मक भ्रूकाब सामुहिक चुल्होको तालिममा सहभागी भइन् । त्यहाँ उनले छोराको स्वास्थ्य अवस्था सुधार्न आफू पनि स्वस्थ हुनुपर्ने कुरा सिकिन् ।

परिणामस्वरूप, उनले आफ्नो स्वास्थ्यको ख्याल राख्न थालिन् र विस्तारै तङ्ग्रिँदै गइन् । त्यसपछि त छोरालाई पुग्नेगरी दूध आउन थाल्यो । सकारात्मक भ्रूकाब सामुहिक चुल्होको तालिममा सिकेबमोजिम छोरालाई घरमा पोषिलो लिटो बनाएर खुवाउन थालिन् । “गाह्रो त छ नै । तर, मेरो छोरो अहिले मोटाउँदै र स्वस्थ हुँदै गएकोले मलाई सन्तोष लागेको छ,” हेम कुमारी (३५) ले भनिन् ।




# विपद् तथा आर्थिक संकटप्रति समुदायको उत्थानशीलता

आर्थिक वर्ष सन् २०१६ मा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले प्रविधिको प्रयोग र खेती गर्ने नयाँ विधि, बारीदेखि बजारसम्मका विभिन्न माध्यम (भ्यालु चेन) को विकास, अति जोखिममा रहेका युवाका लागि सीप विकास कार्यक्रम लगायत परिवारको उत्पादन क्षमता र आयमा वृद्धि तथा विपद् जोखिम व्यवस्थापनमा समुदायलाई सहयोग गरेको छ।

कृषिजन्य तालिम र सहायता प्राप्त गरेका ७,३५१ जनामध्ये ३२% ले आय र उत्पादनमा वृद्धि गरेका छन्। वर्षभरका लागि खाद्य सुरक्षा सुनिश्चित हुने परिवारको संख्या ३.१२% ले बढेको छ। जीविकोपार्जन कार्यक्रममा अति जोखिममा रहेका युवाहरूको सहभागितालाई प्राथमिकता दिइएको थियो। व्यावसायिक तालिम लिएका ४९% ले यो प्रतिवेदन तयार पार्दासम्म रोजगारी पाइसकेका थिए वा आफ्नै व्यवसाय सुरु गरेका थिए। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले २४ वटा समुदायलाई विपद् जोखिम व्यवस्थापनको योजना तयार गरी त्यसको कार्यान्वयनमा सहयोग गरेको छ।







## पार्वती अब आत्मनिर्भर भएकी छिन्

कैलाली जिल्लामा उनको समुदायमा सञ्चालित गरिब किसानहरुको बजारको निम्त तयारी (3PM) परियोजनाको तालिम लिएपछि पार्वती (माथि) ले नियमित उत्पादनका लागि उन्नत बिउको संरक्षण तथा यसको प्रयोगबारे सिकिन्। उनले बिरुवा मर्न नदिन चिस्यान कायम राखिरहनुपर्ने, रासायनिक मल प्रयोग गर्नुपर्ने लगायत बजारबारे पनि आधारभूत कुरा थाहा पाइन् र आफूले कति बेचेँ कति आम्दानी भयो त्यसको हिसाब राख्न सिकिन्। जब उनले आफूले सिकेका कुरा व्यवहारमा लागू गर्दै गइन् उनको उत्पादनमा पनि वृद्धि हुँदै गयो।

स्थानीय सहजकर्ता र उनीजस्तै अन्य किसानहरूको सहयोगबाट र परियोजनाले गरेको प्रवर्द्धनात्मक क्रियाकलापबाट उनले बजारसम्म तरकारी पुऱ्याउने विक्रेतालाई भेटिन् र आफूले उत्पादन गरेको तरकारी बजारसम्म कसरी पुऱ्याउने उनीहरूसँग सल्लाह लिइन्। सुरुमा उनले आफूले उत्पादन गरेका तरकारी गाढामा वा साइकलमा बोकेर लानुपर्थ्यो। विस्तारै विक्रेता र पार्वतीबीच विश्वास बढ्दै गयो। अहिले विक्रेताहरू उनले उत्पादन गरेका तरकारी लिन आफैँ उनीकहाँ आउँछन्। “माग बढ्दै गएकाले यस वर्ष मैले १२ जना विक्रेतालाई नियमित रूपमा तरकारी दिँदै आएकी छु। म उत्पादक हुँ र मेरो महत्व बढेको देख्दा निकै उत्साहित भएकी छु,” उनले खुशी हुँदै भनिन्। उनले १.२५ एकड जमिनमा लगाएको तरकारी खेतीको रेखदेख गर्नुका साथै पाँचजनाको परिवार पनि पालेकी छिन् र गतवर्षको अन्त्यसम्ममा रु. ३,००,००० बचत पनि गरिन्। उनी तरकारी खेतीको अझ विस्तार गर्ने बन्ने विचारमा छिन्।

# अति जोखिममा रहेका समूहको संरक्षण

आर्थिक वर्ष सन् २०१६ मा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले बाल संरक्षणका औपचारिक तथा अनौपचारिक प्रणालीको सुदृढीकरण, बालबालिकाको उत्थानशीलता वृद्धि तथा बालबालिकाको हितविपरीतका हानीकारक परम्परागत प्रचलनहरूको न्यूनीकरणका लागि काम गरेको छ।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालले बाल संरक्षण परियोजना अन्तर्गत घटना व्यवस्थापन, स्थानीय स्तरमा बहस पैरवी तथा सचेतना जागरणलगायतका विषयमा ५९ वटा गाउँ बाल संरक्षण तथा प्रवर्द्धन समितिहरूको क्षमता विकास गरेको छ। परिणामस्वरूप, अति जोखिममा रहेका अवस्थाका ९२ बालबालिकाले ती समितिहरूमार्फत् परामर्श र सल्लाह लिए र ४ वटा क्षेत्र विकास कार्यक्रम अन्तर्गतका १७ गाउँ बाल संरक्षण तथा प्रवर्द्धन समितिहरूले घटनाको जानकारी दिन सुरु गरे।

परियोजना अन्तर्गत कूल २६ वटा बालमैत्री स्थानीय सुशासन समितिलाई सहयोग गरिएको छ, जसले स्थानीय तहमा बालबालिकाका निम्ति उपयुक्त वातावरण निर्माणमा सहयोग गरे। क्षेत्र विकास कार्यक्रम अन्तर्गत जन्मदर्ता अभियानका कारण स्थानीय निकायमा ७४% बालबालिकाको जन्मदर्ता भयो जबकि राष्ट्रिय स्तरमा यो दर ५८% रहेको छ। वर्ल्ड भिजन इन्टरनेसनलले राष्ट्रिय स्तरमा पनि बाल संरक्षणबारे जोडदार पैरवी गरेको छ। केन्द्रीय बालकल्याण समिति/महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग मिलेर बाल संरक्षण विरुद्धका घटना व्यवस्थापन निर्देशिका बनाउन पनि वर्ल्ड भिजन इन्टरनेसनल नेपालले सहयोग गरेको छ। पैरवीका कारण बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ निर्माणमा सहयोग पुगेको छ। यसलाई मन्त्री परिषद्ले पारित गरिसकेको छ। यसले स्थानीय स्तरमा यस्ता घटनाको व्यवस्थापनमा सहयोग पुग्नेछ।



## बालविवाहबाट उम्कीन लक्ष्मी

लक्ष्मीका बाबुआमाले उनको विवाहको कुरा छिन्दा उनी १८ वर्ष पनि पुगेकी थिइनन् । त्यसबेला टुलुटुलु हेर्नुबाहेक उनले गर्नसक्ने अर्को विकल्प थिएन । उक्त घटनाबारे जब सिन्धुली जिल्लाको गाउँ बाल संरक्षण तथा प्रवर्द्धन समितिलाई थाहा भयो उनीहरूले यसमा हस्तक्षेप गरे, प्रहरीलाई खबर गरे र विवाह रोके ।

त्यो बेला सम्झँदै लक्ष्मीले भनिन्, “त्यो बेला मेरो विवाह भएको भए मैले पढाइलाई निरन्तरता दिनसक्ने थिइनँ ।”

सिन्धुलीमा बाल संरक्षण परियोजनामार्फत् वर्ल्ड भिजन इन्टरनेसनल नेपालले बालबालिकाको हितविपरीतका घटनाहरूको व्यवस्थापन, स्थानीय स्तरमा बहस पैरवी र सचेतना जागरण जस्ता विषयमा गाउँ बाल संरक्षण तथा प्रवर्द्धन समितिहरूको क्षमता अभिवृद्धि गरेको छ । जसका कारण, अति जोखिममा रहेका ६७ जना बालबालिकाले यस्ता समितिहरूबाट परामर्श तथा सल्लाह लिएका छन् ।









# नेपालको भुकम्प प्रतिकार्य

आर्थिक वर्ष सन् २०१६ मा, वर्ल्ड भिजन इन्टरनेसनल नेपालले जिविकोपार्जन, शिक्षा, बाल संरक्षण, खानेपानी, सरसफाइ तथा स्वच्छता, आवास र पुर्ननिर्माण कार्यक्रमको माध्यमबाट भुकम्प प्रभावितहरुलाई “आपतकालिन आवश्यकता पूर्ति, उत्थानशीलता र पुनर्लाभ सबलीकरण गर्ने, र भुकम्प प्रभावित बालबालिकाहरु र उनीहरुको समुदायलाई सुरक्षित भएको भावना अनुभव गर्ने” लक्ष्य सहित कार्यक्रम लागूगरि महत्वपुर्ण योगदान दिएको छ। राहत चरण (अप्रिल देखि सेप्टेम्बर २०१५) र पुनर्लाभ चरण (अक्टोबर २०१५ देखि डिसेम्बर २०१६) को क्रममा सन् २०१६ को अन्त्य सम्ममा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले भुकम्पबाट अति प्रभावित भएका दश जिल्लाहरुमा ५२६,८७३ व्यक्तिहरुलाई सहयोग प्रदान गरेको छ।

राहत चरणको जिल्लाहरुमा भक्तपुर, गोरखा, काठमाण्डौं, ललितपुर, लमजुङ्ग, सिन्धुली र सिन्धुपालचोकलाई समावेश गरिएको थियो। पुनर्लाभ चरणको लागि वर्ल्ड भिजनले धादिङ , दोलखा, गोरखा ,नुवाकोट र सिन्धुपालचोक जिल्लाहरुमा कार्य गरेको थियो।

यसका अतिरिक्त, पुर्नस्थापना चरण अर्न्तगत (अप्रिल २०१८ देखि), वर्ल्ड भिजनले गोरखा, नुवाकोट, सिन्धुपालचोक जिल्लाहरुमा जिविकोपार्जन , खानेपानी, सरसफाई तथा स्वच्छता र आवास कार्यक्रम सहित २७,२५० भन्दा बढी व्यक्तिहरु सम्म पुग्ने योजना रहेको छ जसको लक्ष्य समुदायको उत्थानशीलता र पुनर्लाभलाई गर्नमा प्रोत्साहन गरि अझ सबल गराउनु रहेको छ।




## भूकम्पपछि फेरि स्वच्छ खानेपानीमा पहुँच

भूकम्प गएपछि खानेपानीको समस्या निकै जटिल बन्न पुगेको थियो ।

खानेपानी सहज रुपले उपलब्ध हुनुपर्ने आवश्यकता बोध गरी वर्ल्ड भिजन इन्टरनेसनल नेपालले गोरखाको आँपपिपलमा समुदायका लागि ७ वटा सार्वजनिक धारासहितको खानेपानी आयोजनाको निर्माण गऱ्यो । यो योजना पूरा भएपछि अहिले झन्डै ५५ घरधुरी यसबाट लाभान्वित भएका छन् ।

गंगा अधिकारी (तल) र उनका समुदायका सदस्यहरूलाई सहजै स्वच्छ खानेपानी पाउँदा निकै सजिलो भएको छ । "हाम्रा घरनजिकै धारा बनेका छन् । पानी ल्याएर खान हामीलाई निकै सजिलो भएको छ," उनले भनिन् ।








# बाल स्पोनसरसीप्

बाल स्पोनसरसीप् दाताहरुलाई जोखिममा रहेका बालबालिकासँग जोड्ने कडि हो, जसले दुबैका लागि जीवनको अर्थपूर्ण अनुभवको सृजना गर्दछ। स्पोनसरसीप्को लक्ष्य बालबालिकाको सम्बृद्धिमा सुधार ल्याउनु हो। उचित बृद्धि हुनको लागि बालबालिकाहरुले यस्तो वातावरणमा हुर्कन पाउनुपर्छ, जहाँ उनीहरुको आजका खाँचोहरु र भोलिका आशा र अवसरहरु पूरा हुन सकून्। हामी विश्वास गर्छौं कि बालबालिकाहरुले स्वस्थ्य भएर, शिक्षित भएर, हेरविचार पाएर तथा संरक्षित भएर जिउन पाउनुपर्छ। उनीहरुले जीवनमा प्रभाव ल्याउने निर्णायक प्रश्नहरुमा सहभागी हुन पाउनुपर्छ।

दाताहरुको सहयोगले सहायता पाउने बालबालिकाहरुको समुदायमा महत्वपूर्ण विकासको लागि आर्थिक सहयोग उपलब्ध हुन्छ, जसद्वारा बालबालिकाहरुको जीवनमा दिगो सुधार आउँछ। स्पोनसरसीप्ले बालबालिकाको साथसाथै उनीहरुको परिवार र समुदायको असल भविष्य निर्माण गर्नको लागि सहयोग गर्दछ। जोखिममा रहेका बालबालिकाको आवश्यकता पूर्ति गर्न र उनीहरुलाई जीवनको सम्पूर्णता अनुभूत गर्नबाट वञ्चित गर्ने वाधाहरुको समाधान गर्न वर्ल्ड भिजन इन्टरनेसनल नेपालले स्पोन्सरसीप् अन्तर्गत सहायता प्राप्त गरेका बालबालिकाको समुदायसँग साझेदारी गर्दछ। समुदायमा परियोजनाको क्रियाकलापहरुको लाभ स्पोनसरसीप्को लागि दर्ता गरिएको बालबालिकाहरुको लागि मात्र नभइ समुदायमा रहेका सम्पुर्ण बालबालिका र तिनीहरुको परिवारको लागि पनि हो। दाताले समुदायबाट तयार गरिएको प्रगति प्रतिवेदन र स्पोन्सरसीप् अन्तर्गत सहायता प्राप्त गरेका बालबालिकासँगको व्यक्तिगत संञ्चारको माध्यमबाट भएका उपलब्धि र परिवर्तनहरुको बारेमा जान्न सक्दछन् । दाताहरुले आफूले सहयोग गरेको बालक वा बालिकालाई पत्र लेखेर वा उसलाई र उसको परिवारलाई भेटेघाट गरेर उत्साह प्रदान गर्न सक्छन्।

आर्थिक बर्ष सन् २०१६ को अन्त्य सम्ममा, नेपालको १० जिल्लाहरु अछाम, डोटी, कैलाली, जुम्ला, रुपन्देही, लमजुङ, सिन्धुली, उदयपुर, सुनसरी र मोरङबाट ३३,५९३ बालबालिकाहरु स्पोनसरसीप्को लागि दर्ता भएका थिए र १७ वटा क्षेत्र विकास कार्यक्रमहरुले बाल स्पोनसरसीप् कार्य लागू गरेको छ।

हामीले समुदायहरुमा हाम्रा साझेदारहरुद्वारा कार्यान्वयन गर्ने कार्यक्रमहरुको लागि हाम्रा दाताहरुले हामीलाई कति भरोसा गर्नुहुन्छ सो अनुसार कार्यक्रम संचालनको सफलता निर्भर हुन्छ। आर्थिक वर्ष सन् २०१६ भरि कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा, वर्ल्ड भिजन इन्टरनेसनल नेपालले शिक्षा, स्वास्थ्य, संरक्षण र खाद्य सुरक्षाको क्षेत्रमा बालबालिका र उनीहरुको समुदायमा सकारात्मक प्रभाव पारेको छ र लिखित र दृश्यात्मक सञ्चारको माध्यमबाट दाताहरुलाई यस विषयमा सूचित गरि हामी हाम्रा दाताहरुको अपेक्षालाई ध्यानमा राखेर उहाँहरुको भरोसालाई कायम राख्न सफल भएका छौं।



जिविका (दायाँ), विद्यालयका साथीहरुसँगै

## जीवनमा भइरहेको परिवर्तन

जिविका वर्ल्ड भिजनको बाल स्पोनसरसीप अन्तर्गत सहायता प्राप्त गरेकी ६ बर्षीय बालिका हुन । उनी अछाम जिल्लामा रहेको सामुदायिक प्राथमिक विद्यालयको छात्रा हुन् । जिविकालाई विद्यालय जान मन पर्दैन थियो । उनले भनिन, "पहिले मलाई विद्यालय जान मन पर्दैन थियो । विद्यालयमा रमाइलो हुदैन थियो । हामीहरु चिसो भूइमा बस्नु पर्दथ्यो । हाम्रो शिक्षकहरु एकदम कडा हुनुहुन्थ्यो र गृहकार्य नगरेमा हामीलाई सजाय दिनुहुन्थ्यो ।"

अहिले विद्यालयमा सकारात्मक परिवर्तन ल्याउन र उनको अभिभावकको शिक्षा प्रतिको दृष्टिकोणमा परिवर्तन गराउनमा स्पोनसरसीपले कसरी मद्धत गरेको छ भनेर भन्न पाउँदा जिविका अहिले खुशी छिन् । शिक्षा र बालबालिकाको स्याहारको महत्व सम्बन्धी बुझ्नका लागि अभिभावकहरुलाई सहयोग गर्न वर्ल्ड भिजनको सहयोगमा संचालन गरेको सबै अभीमुखीकरण कार्यक्रमहरुमा उनको अभिभावक उपस्थित हुने गरेका छन् ।

जिविका भन्छिन्, "वर्ल्ड भिजनले हाम्रो विद्यालयलाई सहयोग गरेको छ । अहिले कक्षा कोठामा गलैचा ओछ्याइएको छ । हाम्रो कक्षा कोठामा राम्रो शब्दहरु लेखिएका कागजहरु र भित्ते चित्रकलाहरु छन् । हाम्रा शिक्षकहरु राम्रो हुनुभएको छ । उहाहरुले आजकाल हामीले गल्ती गरेमा पनि सजाय दिनुहुदैन ।"

जिविका वर्ल्ड भिजनको बाल स्पोनसरसीप कार्यक्रममा २०१५ मा समावेश भएकी हुन् । जब उनीले आफ्नो दाताबाट चिठी र उपहारहरु प्राप्त गर्दछिन् उनी र उनको परिवार धेरै खुसि हुन्छन् । जिविका र उनको परिवार वर्ल्ड भिजनसँग आवद्ध हुन पाँउदा साह्रै खुसी छन् र आफ्नो लागि राम्रो जिवन प्राप्त गर्न विशेष गरी जिविकाको लागि साथै उनको दाताको सपना साकार पार्न उनीहरु प्रतिवद्ध छन् ।

उनी भन्छिन्, "अब म सधै विद्यालय जान्छु । मलाइ गृहकार्य गर्न पनि मन लाग्छ । म आफु सफा रहन्छु र मेरो विद्यालयलाई पनि सफा राख्छु । म नियमित विद्यालय जानेछु र आफ्नो पढाइ पुरा गर्नेछु ।"

# राष्ट्रिय स्तरको पैरवी

## दिगो विकास लक्ष्य मञ्चको गठन

वर्ल्ड भिजन इन्टरनसनलको पहलमा  दिगो विकास लक्ष्य मंञ्चको गठन भएको छ। नेपालमा दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्ने उद्धेश्यले पहिलो राष्ट्रिय स्तरको नागरीक समाज संस्थाहरुको गठबन्धंनमा यसको गठन भएको हो। यस मञ्चको अध्यक्षता गैर सरकारी महासंघ नेपालले गरेको छ र नेपाल सरकारसँग यि कार्यहरु गर्नमा सहकार्य गर्नेछ; नवीन विकास परियोजनाहरुको पहिचान , विकास र कार्यान्वयन गरि नागरीक समाज , बहुपक्षिय र द्धिपक्षिय एजेन्सीहरुले दिगो विकास लक्ष्य हासिल गर्न सहकार्यको माध्यमबाट सयुक्त पहल गर्ने, विकासका मुद्धाहरु साथ साथै दिगो विकास लक्ष्यहरुको उपलब्धिहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय दिगो विकास लक्ष्य मञ्चमा पुऱ्याउने सयन्त्रको स्थापना गर्ने, र उच्च तहको राजनीतिक मञ्चको मातहतमा रहि स्वेछिच्क रुपमा राष्ट्रिय प्रतिवेदन पेश गर्न सहकार्य गर्ने।

## सञ्जालसँग संलग्नता

पैरवीसँग सम्बन्धीत कार्यमा वर्ल्ड भिजन इन्टरनेसनल नेपाल दुईवटा प्रमुख सञ्जालको अगंको रुपमा रहेको छ : बालबालिका शान्ति तथा संरक्षण राष्ट्रिय अभियान र बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले विश्वव्यापी आवधिक सभिक्षा सुझावहरुलाई कार्यान्वयन गर्ने विषयमा नेपाल सरकार समक्ष पैरवी गर्नका लागि बालबालिका शान्ति तथा संरक्षण राष्ट्रिय अभियान र बाल सहभागितामा कार्यरत संस्थाहरुको साक्षा समूहलाई परिचालन गर्न सक्षम भएको छ। दण्ड सजाय सम्बन्धि विधयेकको केहि विशेष खण्डमा संसोधन गर्न संसदको विधान सभा समितिलाई वर्ल्ड भिजन इन्टरनेसनल नेपालले औपचारिक रुपमा सुझाव पेश गरेको छ। केही विषेश विधेयकहरुको संसोधनका लागि पैरवी गर्न राष्ट्रिय मानव अधिकार आयोगसँग वर्ल्ड भिजन इन्टरनेसनल नेपाल समेत संलग्न भएको थियो। यसका अतिरिक्त वर्ल्ड भिजन इन्टरनेसनल नेपालले बालबालिका शान्ति तथा संरक्षण राष्ट्रिय अभियान र यसका जिल्लास्तरको सञ्जालहरुलाई विधेयक संसोधनको पक्षमा विधान सभा समितिमा पेश गर्नका लागि सहयोग गरेको छ। यसको परिणाम स्वरुप विधेयक संसोधन भएको छ तर सो संसोधन विधेयक संसदको बैठकमा प्रस्तुत भई पारित हुन बाकी रहेको छ।

## राष्ट्रिय योजना आयोगसँग संलग्नता

चौधौं आवधिक योजनामा राष्ट्रिय विकासका लागि मस्यौदा तयार गर्न राष्ट्रिय योजना आयोगद्वारा आयोजना गरिएको प्राय जसो सबै छलफल बैठकहरुमा वर्ल्ड भिजन इन्टरनेसनल नेपाल सहभागि भएको छ। यसको परिणाम स्वरुप वर्ल्ड भिजन इन्टरनेसनल नेपालको क्षेत्रगत प्राथमिकतामा रहेको बालबालिकाको अधिकतम हितसँग सम्बन्धित विषयलाई राष्ट्रिय योजना आयोगले योजनामा समावेश गरेको छ।

## सामुदायिक पत्रकारीता र बाल भेला

सामुदायिक रेडियो प्रसारण संघसँगको साझेदारीमा भुकम्प प्रभावित पाँच जिल्लाहरुको ५६ जना बालबालिकाहरु सामुदायिक पत्रकारितामा सहभागी भएका छन्। उनीहरुले अन्य बालबालिका, समुदाय र जिल्लामा रहेका अन्य निकायहरुसँग गरेको अन्तरक्रियाको परिणाम स्वरुप स्थानीय स्तरमा रहेका मुद्दाहरु जस्तै खानेपानी तथा विद्युतको अभाव र समाजिक मुद्धाहरु जस्तै मदिरा सेवन र घरेलु हिंसा आदि विषमा केन्द्रित रहेर रेडियो कार्यक्रमको विकास भएको छ। यस कार्यक्रमलाई सामुदायिक सुचना सञ्जालको माध्यमबाट नेपाल भरि रहेका १०५ वटा सामुदायिक रेडियो प्रसारण केन्द्रबाट राष्ट्रिय स्तरमा प्रसारण भएको थियो। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले गोरखा, नुवाकोट र सिन्धुपालचोक जिल्लाहरुमा भएको बाल भेलालाई समेत सहयोग प्रदान गरेको थियो जसमा ३७९ बालबालिकाहरु सहभागि भएका थिए। उक्त भेलाको उद्धेश्य , विपद जोखिम न्यूनीकरण, बाल अधिकार सम्बन्धी सचेतना जगाउने र जिल्ला बाल क्लव सञ्जाललाई सुदृढ गर्न बालबालिकाको आवाज समावेश गराउनु थियो। बाल भेला घोषण पत्र जारी गरि समापन भएको थियो र उक्त घोषण पत्र प्रमुख जिल्ला अधिकारी र जिल्ला बाल कल्याण समितिको अध्यक्षलाई पेश गरिएको थियो।



## सामुदायिक पत्रकारमार्फत् सूचना प्रवाह

आत्मविश्वास। विस्तृत चासो। सत्यको खोजी। खोजमूलक आँखा। निरन्तर चलिरहने कलम।

आयूष (माथि दायाँ) को वर्णन गर्न माथिका शब्दहरू प्रयोग गर्न सकिन्छ।

१७ वर्षको कलिलो उमेरमा आयूषले पत्रकारितामा आफ्नो रुचि बढाएका छन्। उनी भन्छन्, "मैले पत्रकारहरुको साहसको सधैँ सम्मान गरें र म आफैले यो जिम्मेवारी बहन गर्नु एउटा असल कार्य हुने विश्वास जाग्यो।"

आयूष नुवाकोट जिल्लामा कक्षा ११ मा पढ्छन् र वर्ल्ड भिजन इन्टरनेसनल नेपालको तालिम लिएपछि उनले विगत झन्डै एकवर्षदेखि सामुदायिक पत्रकारका रूपमा काम गरिरहेका छन्। विद्यालय समयपछि नियमित रूपमा उनी 'जीवन रक्षा बाल सुरक्षा' नामक पाक्षिक रेडियो कार्यक्रमका लागि आफ्नो समुदायका विभिन्न ठाउँमा गई समाचार संकलन गर्छन्।

"रेडियोबाट प्रसारण हुने 'जीवन रक्षा बाल सुरक्षा' कार्यक्रम बाल विवाह, बालश्रम, बाल दुर्व्यवहार जस्ता बालबालिकाका मुद्दाबारे सचेतना फैलाउने साझा मञ्च हो," उनी भन्छन्।

आयूष सानैदेखि पत्रकारितामा रुचि राख्थे र उनले विद्यालयमा पनि यही विषय रोजेका छन्। एकवर्ष पहिला जब वर्ल्ड भिजन इन्टर नेसनल नेपालले उनीजस्तै केही बालबालिकालाई सामुदायिक पत्रकार हुने अवसर प्रदान गऱ्यो उनले त्यो मौका गुम्न दिएनन्।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालको सहयोगमा सामुदायिक रेडियो प्रसारक संघ नेपाल र सामुदायिक सूचना नेटवर्कले भूकम्पबाट प्रभावित नुवाकोट, सिन्धुपाल्चोक र गोरखा जिल्लामा बालबालिकाले अगुवाइ लिने गरी सामुदायिक पत्रकारिताको सञ्चालनमा सहयोग गरिरहेको छ। यसको उद्देश्य विपद् व्यवस्थापनका विषयमा समुदायको क्षमता विकास गर्ने र मानवीय प्रतिकार्य र पुनर्निर्माण कार्यमा जवाफदेहिता सुनिश्चित गर्ने हो।

# जवाफदेहीता



वर्ल्ड भिजन इन्टरनेसनल नेपाल कार्यक्रम, संञ्चालन, अनुगमन तथा मूल्यांङकन प्रति जवाफदेहीता सुदृढ गर्न प्रतिवद्ध  छ। सुचना प्रदान गर्ने , समुदायहरुसँग छलफल गर्ने, सहभागिता प्रोत्साहन गर्ने र पृष्ठपोषण र गुनासो संकलन गर्ने जवाफदेहीताको आधारभूत सिद्धान्त हो। आर्थिक वर्ष सन् २०१६ मा DFID र वर्ल्ड भिजन UK को आर्थिक सहयोगमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले समुदायको जवाफदेहीता सबलीकरण गर्ने पाइलट परियोजना २ स्थानीय कार्यक्रम क्षेत्र अछाम र जुम्लामा कार्यान्वयन गरेको छ। यस परियोजनाको सफलताको परिणाम स्वरुप ,यस जवाफदेहीता प्रणालीलाई अन्य कार्यक्रम डिजाइनमा विस्तार र लागू गर्न लागिएको छ।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालले आफ्नो सम्पुर्ण विकास तथा मानविय सेवा कार्यक्रमहरुमा जवाफदेहीताको सिद्धान्त र अभ्यासलाई सुदृढ र मुलप्रवाहीकरण गर्न प्रभावकारी सूचना वितरण, सामुदायिक छलफललाई प्रर्वद्धन गर्ने र सामुदायिक पृष्ठपोषण प्राप्त गर्ने तथा प्रतिक्रिया प्रदान गर्ने संयन्त्रका लागि सामान्य निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याएको छ। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले समुदायमा विभिन्न प्रकारको सूचना, शिक्षा र सञ्चार सामाग्रीहरु जस्तै लिफलेट, फ्लायर, फ्लेक्स, होडिङ्ग बोर्डको निर्माण गरि जवाफदेहीता संयन्त्र लगाएत  सूचनाको हक, उजुरीको गर्ने अधिकार, र पृष्ठपोषणको संयन्त्रका बारेमा सन्देशहरु प्रसार गरेको छ। स्थानीय समुदायका व्यक्तिहरु वर्ल्ड भिजन इन्टरनेसनल नेपालको पृष्ठपोषण र प्रतिक्रिया संयन्त्रको बारेमा अब धेरै सचेत भइसकेका छन्।

कार्यक्रम चक्रमा समुदायहरुसँग कार्यक्रमको विभिन्न पक्षहरुको विषयमा परामर्श गर्नु एउटा अभिन्न अंगको रुपमा स्थापित भएको छ, विशेषगरि कार्यक्रम डिजाइन, कार्यान्वयन र अनुगमन तथा मुल्यांङकन चरणमा। पारदर्शि र सहभागिमूलक विधिको प्रयोग गरि उच्च जोखिममा रहेका समुदायबाट लाभान्वितहरु छनौट गरिएको छ जसले ग्रामिण क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरु र सरोकारवालाहरुको सुझाव र चासोलाई सम्बोधन गरेको छ।

आर्थिक वर्ष सन् २०१६ को अवधिमा समुदायहरुबाट पृष्ठपोषण र गुनासोहरु संकलन गर्न सम्पुर्ण स्थानीय कार्यक्रम क्षेत्रमा निर्देशिका र संयन्त्रको स्थापना गरिएको छ। लाभान्वितहरु र सरोकारवालाहरुबाट पृष्ठपोषण र गुनासोहरु संकलन गर्ने प्रणालीहरु सुझाव पेटिका, सहायता डेस्क र पैसा नलाग्ने मोबाइल नंम्बरको स्थापना गरिएको छ। संकलित पृष्ठपोषणलाई जवाफदेही डाटावेसमा राखेर विश्लेषण गरि प्रतिक्रिया दिइएको छ।

यस प्रणालीको प्रयोग गरेर वर्ल्ड भिजन इन्टरनेसनल नेपालले १२ स्थानीय कार्यक्रम क्षेत्रहरुबाट ८१९ वटा प्रतिक्रियाहरु संकलन गरेको छ। मासिक पृष्ठपोषण र प्रतिक्रिया प्रवृत्ति विश्लेषण प्रतिवेदन तयार गरि उपयुक्त कदम र निर्णयहरु लिनका लागि वरिष्ठ व्यवस्थापन टोलि समक्ष पेश गरिएको छ। वर्ल्ड भिजन इन्टरनेसनल नेपालले लगभग ९०% पृष्ठपोषणहरुको प्रतिक्रिया द्रुत रुपमा दिन सक्षम भएको थियो। हाल लगभग १०% पृष्ठपोषण अझै समाधान हुन बाकि रहेको छ। यस दृष्टिकोणले वर्ल्ड भिजन इन्टरनेसनल नेपाललाई अति जोखिममा रहेका बालबालिका र परिवारहरु सम्म पुग्नमा मद्धत गरेको छ।

सामुदायिक पृष्ठपोषण र प्रतिक्रिया संयन्त्रको स्थापना र कार्यान्वयनले समुदायका व्यक्ति र सरोकारवालाहरु लाई उनीहरुको चासोहरु , सुझावहरु र विचारहरु निडर भइ व्यक्त गर्न सक्षम बनाएको छ। परिणाम स्वरुप, समुदायका व्यक्ति र सरोकारवालाहरुको चासोहरुलाई मूल्य र सम्मान गर्ने , उनीहरुको आवाज सुन्ने र उपयुक्त प्रतिक्रिया दिने भएकोले वर्ल्ड भिजन इन्टरनेसनल नेपाल प्रति उनीहरुको बिश्वास बढेको छ। अन्ततः यी सम्पुर्ण प्रयासहरु र संयन्त्रहरुले समुदायहरुमा जवाफदेहीता , पारदर्शिता र वर्ल्ड भिजन इन्टरनेसनल नेपालको प्रतिष्ठा प्रर्वद्धन गर्नमा योगदान पुऱ्याएको छ।





DFID र वर्ल्ड भिजन UK को आर्थिक सहायता अन्तर्गत वर्ल्ड भिजन इन्टरनेसनल नेपालले सुनसरी र उदयपुर जिल्लामा बाल संरक्षण प्रणालीको सबलीकरणका लागि पाँचवर्षे परियोजना लागू गरेको थियो, जुन आर्थिक वर्ष सन् २०१६ मा समाप्त भयो। परियोजनाको अन्त्यमा गरिएको मूल्यांकनले परियोजनाबाट उल्लेख्य उपलब्धिहरू हासिल भएको देखाउँदै निम्न निष्कर्षहरू निकालेको छ :

- सुनसरी र उदयपुर जिल्लाका १३ गा.वि.स.मा जन्मदर्ता दर ८१% बाट बढेर ९२% पुगेको छ
- सुनसरी र उदयपुर जिल्लामा बाल संरक्षणको कार्ययोजना तयार गरी बालकल्याण समितिबाट समेत पारित भयो
- स्थानीय समुदायमा पैरवीका कार्यक्रमहरूमार्फत् १३ वटा गा.वि.स.ले आफ्नो बजेटको १०-१५% रकम बाल संरक्षणका लागि विनियोजन गरे
- १३ वटा गाउँ बाल संरक्षण समितिहरू गठन गरी तिनलाई क्रियाशील बनाइयो
- आफ्नो सुरक्षा आफैँ गर्न सक्छौँ भनी बताउने बालबालिकाको संख्या ४०% ले बढ्यो

# अनुदान

वर्ल्ड भिजन इन्टरनेसनल नेपाललाई प्राप्त हुने अनुदान र आर्थिक सहायता बढिरहेको छ। आर्थिक वर्ष सन् २०१६ मा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले DFID, युरोपियन सिभिल प्रोटेक्सन एन्ड ह्युमनिटेरियन एड अपरेसन्स (ECHO) र जर्सी ओभरसिज एण्ड कमिसन (JOAC) को अनुदान सहायता अन्तर्गत परियोजनाहरू कार्यान्वयन गरेको थियो। बाल संरक्षण प्रणालीको सबलीकरण, विद्यालयमा विपद् जोखिम न्यूनीकरण, जीविकोपार्जनमा सुधार र बालबालिकाको पोषणका लागि उक्त अनुदान सहायता परिचालन गरियो। त्यसका लागि नेपाल सरकार, राष्ट्रसंघीय निकाय, अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र स्थानीय समुदायसँग सककार्य गरिएको थियो। त्यस्तै, वर्ल्ड भिजन इन्टरनेसनल नेपालको बहुक्षेत्रगत भूकम्प प्रतिकार्यलाई सरकारी अनुदान, गैरसरकारी संस्थाहरूको साझा अनुदान एन.जि.ओ. कमन अपिल ग्रयान्ट, बहुपक्षीय दाताहरूको आर्थिक सहायता लगायत व्यापक अनुदान सहायता उपलब्ध भएको थियो।

आर्थिक वर्ष सन् २०१६ मा वर्ल्ड भिजन इन्टरनेसनल नेपाल, प्लान इन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन इन्टरनेशनल नेपालसहित रणनीतिक साझेदारहरू युनिसेफ र युएनह्याबिटाट मिलेर 'बालमैत्री विपद् जोखिम न्यूनीकरण समूह' गठन गरेका थिए। दक्षिण एसियाका लागि DIPECHO VIII को कार्ययोजना अन्तर्गत ECHO बाट प्राप्त आर्थिक सहायताबाट उक्त समूहले "बृहत् विद्यालय सुरक्षा ढाँचाको कार्यान्वयनमार्फत् नेपालमा विद्यालय सुरक्षाको प्रवर्द्धन तथा सबलीकरण" नामक परियोजना लागू गऱ्यो। उक्त परियोजना अन्तर्गत बृहत् विद्यालय सुरक्षा ढाँचालाई नेपालको परिवेशसँग सान्दर्भिक बनाउनका लागि विद्यालय विपद् जोखिम व्यवस्थापनको प्याकेज तयार पारियो र ६ जिल्लाका ६२ वटा सामुदायिक विद्यालयमा त्यसको परीक्षण पनि गरियो।

जर्सी ओभरसिज एण्ड कमिसन र वर्ल्ड भिजन युकेको आर्थिक सहायतामा सञ्चालित जीविकोपार्जन र पोषण परियोजनाबाट अछाम जिल्लामा अति जोखिममा रहेका २,२५५ परिवार लाभान्वित भए। लाभग्राही किसानहरूलाई भिरालो जमिनमा भूक्षय रोकी उत्पादकत्व बढाउन अपनाइने आधुनिक स्लोपिङ एग्रीकल्चरल ल्यान्ड टेक्नोलोजी विधि अवलम्बन गरी ६,५४३ हेक्टर जमिन खेतीयोग्य बनाउन आर्थिक सहायता उपलब्ध गराइएको थियो, जसले गर्दा उनीहरूले उक्त जमिनमा अझ धेरै स्थानीय बाली उत्पादन गरे।

यसका अतिरिक्त वर्षाको पानी संकलन गर्ने २० वटा संरचना निर्माण गरियो। यसबाट ३४८ घरपरिवार लाभान्वित भए। यी परिवारले स्थानीय जातका तरकारी बालीमा पोषणतत्व पर्याप्त हुने पनि सिके। १९ कृषक समूहले आयआर्जनका लागि बाख्रा पालन सुरु गरे र ११५ जना किसानले बेमौसमी तरकारी लगाई बेच्न थाले।



## ग्रामीण समुदायहरूमा जिविकोपार्जनमा सुधार

प्रत्येक वर्ष दिल बहादुर (बाँया) आफ्नो बाली सुकेर पहेलो भएको देख्ने गरेका थिए ।

यो सँधैको चलन जस्तै भइसकेको थियो जब दिल बहादुरले यसको उपाय छ भन्ने कुरा जाने । उपाय ? जमीनको स्तर मिलाउने, वरिपरि बलियो किनारा निर्माण गर्ने र बिरुवाहरु रोपेर किनारा बलियो बनाउने । जर्सी ओभरसिज एण्ड कमिसन परियोजनाको सहयोगबाट दिल बहादुर र उनका साथिहरुले जमिन मिलाउन शुरुवात गरे र किनारामा तोरीको विरुवा लगाए । ३८ एकडमा फैलिएको सुधारिएको जमिनमा उभिएर, दिल बहादुरले आफ्नो अनुभवहरु सुनाउछन् "जब हामीले पहिलो पटक भिरालो जमीनको ब्यवस्थापन सम्बन्धी तालिम लियौ, त्यो कसरी हुन्छ भन्ने बारेमा हामी ढुक्क थिएनौ, तर जब हामी बिस्तारै खेतबारीमा काम गर्न सुरु गर्दै गयौं, हामीले सतहको स्तर समान बनाउन समानान्तर रुपमा खन्यौ र अलि अग्लो किनारा बनाइ त्यसमा तोरीको बिरुवा लगायौं; अझै धेरै सम्भव हुन्छ जस्तो महसुस हुन थाल्यो । अब बर्ष दिन भइसक्यो । "

उनीहरुले आफ्नो जमीनमा सुधार गर्न मात्र परिचालन नभइ उनीहरुले सो काम गरे बापत पारिश्रमिक पनि प्राप्त गरेका छन् । प्रत्येक ५०८ वर्ग मिटरको जमीन मिलाए वापत प्रत्येक किसानलाइ रु ४१५ दिइएको थियो । पछिल्लो तीन मौसममा उनीहरुले लगभग रु ९०,००० प्राप्त गरीसकेका छन् । सामुहिक रुपमा समुदायको आवश्यकता अनुसार उनीहरुले उपकरण समेत खरिद गरेका छन् ।

दिल बहादुरले खेतीपातीको पुरानो तरिकामा समेत सुधार ल्याउन सक्षम भएका छन् । उनी भन्छन्, "बिशेष गरी गर्मी र मनसुनमा तरकारी खेती गर्नु चुनौतिपुर्ण थियो । गर्मी मौसममा, बाली सुक्ने र मनसुनमा अत्याधिक बर्षाको कारण तरकारीहरु बगाउने जोखिम हुन्थ्यो । प्लास्टिकको पोली टनेलको प्रयोग नै यस समस्या सामाधानको उत्तम उपाय हो । प्लास्टिकको प्रयोग गरेपछि मैले तरकारी खेतिमा समस्या भोग्नु परेको छैन ।" यस प्रविधिले किसानलाई बेमौसमी तरकारी खेती गर्नमा प्रेरित गरेको छ । उत्पादनमा तीब्र वृद्धि भएकोले अन्तिम दुई मौसममा समुदायले १,६०० किलोग्राम गोलभेडा उत्पादन गर्न सक्षम भएको छ ।

जिविकोपार्जन सहयोग बाहेक, यस परियोजनाले समुदायको आमाहरुमा सकारात्मक झुकाब सामुहिक चुल्हो सत्रहरु पनि चलाएको थियो । उक्त सत्रहरु विशेष गरी आमाहरु र उनीहरुको बच्चाहरुमा पौष्टिक आहार अभ्यासलाई प्रर्बद्धन गर्नमा केन्द्रित थिए ।

परियोजनाको अर्को पक्ष भनेको उपेक्षा गरिएका स्थानीय बालीहरु जुन स्वास्थ्यको लागि अत्यावश्यक र लाभदायक छन् त्यसको बारेमा उनीहरुलाई बुझाइ उपभोग गर्नका लागि प्रोत्साहित गर्नु थियो । तालिमको क्रममा सिकेको कुराहरु सम्झेर दिल बहादुर सुनाउछन्, "विशेष गरी कोदो, जसमा कार्बोहाइड्रेट र रेसायुक्त पर्दाथ प्रशस्त मात्रामा पाइन्छ ।" उनी अझ भन्छन्, "यो यस्तो चिज हो जुन हामीलाई थाहा छ , तर सामान्यतया हामी यसलाई बेवास्ता गरिरहेका हुन्छौं । तालिमले हामीलाई हाम्रो घर वरपर स्थानीय स्तरमा उपलब्ध भएका चिजहरुको उपभोगबाट स्वस्थ जीवन बाँच्ने विषयमा सम्झाँउछ । मैले मेरो बच्चाहरुलाई खाने बेलामा अझ रमाइलो होस भनि कोदोबाट बनेको बिभिन्न खानेकुराको परिकारहरु खुवाउन थालेको छु ।"


# वित्तीय विवरण

## विकास कार्यक्रम (आ.व. सन् २०१६)


### कूल खर्च (अमेरिकी डलरमा)




### स्रोतअनुसारको खर्च (अमेरिकी डलरमा)





### क्षेत्रगत खर्च



## भूकम्प प्रतिकार्य कार्यक्रम (आ.व. सन् २०१६)


### कूल खर्च (अमेरिकी डलरमा)





### स्रोतअनुसारको खर्च (अमेरिकी डलरमा)




### क्षेत्रगत खर्च




अधिकार प्राप्त बाह्य लेखापरिक्षक, आन्तरिक लेखापरिक्षक र अन्तर्राष्ट्रिय लेखापरिक्षकद्वारा वर्ल्ड भिजनका हिसाब खाताहरुका लेखापरीक्षण गरिएको छ।




WVIN EARTHQUAKE RESPONSE AREAS.

WVIN PROGRAMMES/PROJECTS AREAS.

FAR WESTERN REGION 1. Darchula*, 2. Bajhang (Chainpur*), 3. Bajura (Martadi*), 4. Baitadi*, 5. Dadeldhura*, 6. Doti (Dipayal*) 7. Achham (Mangalsen*), 8. Kanchanpur (Mahendranagar*), 9. Kailali (Dhangadi*)

MID WESTERN REGION 10. Humla, 11. Mugu (Gamgadhi*), 12. Dolpa (Dunai*), 13. Kalikot (Manma*), 14. Jumla, 15. Dailekh, 16. Jajarkot, 17. Rukum, 18. Surkhet (Birendranagar*), 19. Salyan, 20. Rolpa, 21. Pyuthan*, 22. Bardiya (Gularia*), 23. Banke (Nepalgunj*), 24. Dang (Ghorahi*)

WESTERN REGION 25. Mustang, 26. Manang, 27. Gorkha*, 28. Myagdi, 29. Kaski, 30. Lamjung (Besisahar*), 31. Baglung, 32. Parbat, 33. Syangja*, 34. Tanahun, 35. Gulmi, 36. Arghakhanchi, 37. Palpa, 38. Nawalparasi (Parasi*), 39. Kapilbastu (Taulihawa*), 40. Rupandehi (Siddharthanagar*)

CENTRAL REGION
41. Dhading, 42. Rasuwa (Dhunche*),
43. Sindhupalchowk (Chautara*), 44. Dolkha (Charikot*),
45. Nuwakot (Bidur*),
46. Chitwan (Bharatpur*), 47. Makwanpur (Hetauda*), 48. Kathmandu,
49. Bhaktapur, 50. Lalitpur (Central Office), 51. Kavre, 52. Ramechhap,
53. Parsa (Birgunj*), 54. Bara, 55. Rautahat, 56. Sindhuli, 57. Sarlahi (Malangawa*),
58. Mahottari (Jaleshwor*), 59. Dhanusha (Janakpur*)

EASTERN REGION 60. Solukhumbu, 61. Sankhuwasabha (Salleri*), 62. Taplejung*, 63. Okhaldhunga, 64. Khotang, 65. Bhojpur, 66. Tehrathum, 67. Panchthar, 68. Dhankuta, 69. Siraha, 70. Saptari (Rajbiraj*), 71. Udaypur (Gaighat*), 72. Sunsari (Inaruwa*), 73. Morang, 74. Ilam, 75. Jhapa



World Vision

वर्ल्ड भिजन बालबालिका, तिनका परिवार र समुदायहरुलाई गरीबी र अन्यायबाट मुक्त हुन सघाउन प्रतिबद्ध एक इसाई राहत, विकास र पैरवी गर्ने संस्था हो । इसाई मान्यताहरुबाट प्रेरित भएर हामी संसारका सबैभन्दा बढी जोखिममा रहेका मानिसहरु सँग मिलेर काम गर्न प्रतिबद्ध छौं । वर्ल्ड भिजनले धर्म, जातजाति, सम्प्रदाय वा लिङ्गको भेदभाव नगरी सबैको सेवा गर्दछ ।

**वर्ल्ड भिजन इन्टरनेसनल नेपाल**
कर्मचारी सञ्चय कोष भवन
लगनखेल, ललितपुर, नेपाल
पोष्ट बक्स २१९६९, काठमाडौं नेपाल
फोन : +९७७ १ ५५४८८७७, ५५४७१७७
फ्याक्स नं. : +९७७ १ ५०१३५७०
ईमेल : info_nepal@wvi.org
वेवसाइट : www.wvi.org/nepal

www.wvi.org/nepal @wvinpl @wvinepal @wvnepal